स्वीकृत मिति २०७५/०७/१५
पहिलो संशोधन २०७५/१०/०९
दोस्रो संशोधन २०७६/०४/१४
तेस्रो संशोधन २०७६/०७/१९

# कर्णाली प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५

कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐन, २०७५ को दफा ९ बमोजिम स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी योजना कार्यान्वयन गर्न समपूरक अनुदान प्रदान गर्ने सम्बन्धमा कर्णाली प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "कर्णाली प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले "कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐन, २०७५" सम्झनुपर्छ ।

(ख) "प्रदेश" भन्नाले कर्णाली प्रदेशलाई सम्झनुपर्छ ।

(ग) "मन्त्रालय" भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालयलाई सम्झनुपर्छ ।

(घ) "विषयगत मन्त्रालय" भन्नाले कार्यक्रमसँग सम्बन्धित मन्त्रालयलाई सम्झनुपर्छ ।

(ङ) "समपूरक अनुदान" भन्नाले कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐन, २०७५ को दफा ६ बमोजिमको अनुदान सम्झनुपर्छ ।

(च) "समिति" भन्नाले यस कार्यविधिको दफा ८ बमोजिमको योजना तथा कार्यक्रम छनौट समिति सम्झनुपर्छ ।

(छ) "स्थानीय तह" भन्नाले कर्णाली प्रदेश स्थित गाउँपालिका तथा नगरपालिकालाई सम्झनुपर्छ ।

३. समपूरक अनुदान प्रदान गरिनेः प्रदेश सरकारले प्रदेश तथा स्थानीय तहबाट कार्यान्वयन गरिने देहायका भौतिक पूर्वाधार विकास सम्बन्धी योजनाको लागि समपूरक अनुदान प्रदान गर्न सक्नेछः

(क) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक जस्ता पूर्वाधारसँग सम्बन्धित योजना,

(ख) उत्पादन वृद्धिमा सहयोग पुर्याउने स्थानीय स्तरमा सञ्चालन गरिने सिंचाई सम्बन्धी योजना,

(ग) स्थानीय तटबन्ध, नदी नियन्त्रण तथा पहिरो नियन्त्रण सम्बन्धी योजना,

(घ) स्थानीय तहबाट कार्यान्वयन हुने विद्युत उत्पादन तथा प्रसारण एवं वैकल्पिक उर्जा सम्बन्धी योजना,

(ङ) स्थानीय तहबाट सञ्चालन गरिने पुल तथा झोलुङ्गे पुल सम्बन्धी योजना,

(च) खानेपानी आयोजना सम्बन्धी स्थानीय पूर्वाधार,

(छ) स्थानीय तहमा रहेका सरकारी विद्यालय, सामुदायिक भवन, सभा गृह तथा अन्य सार्वजनिक भवन निर्माणमा टेवा पुग्ने योजना,

(ज) कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारीमा आधारित जनताको आय आर्जनमा उल्लेख्य योगदान पुग्ने पूर्वाधार विकास सम्बन्धी योजना,

(झ) जनस्वास्थ्यसँग प्रत्यक्ष सरोकार रहेका अस्पताल निर्माण एवं अत्यावश्यक पूर्वाधार विकास सम्बन्धी योजना,

(ञ) सूचना प्रविधि तथा खेलकुद क्षेत्रका पूर्वाधार विकास सम्बन्धी योजना,

(ट) ग्रामीण क्षेत्रमा एकिकृत बस्ती विकास, बैकल्पिक उर्जा तथा सहरी विकास सम्बन्धी योजना,

(ठ) स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण, जैविक विविधता, फोहरमैला व्यवस्थापन र ढल निकास सम्बन्धी योजना,

(ड) स्थानीय तहले उपयुक्त ठानेका पूर्वाधार सम्बन्धी विकास आयोजना तथा परियोजनाहरु ।

४. **<u>समपूरक अनुदान माग गर्ने विधिः</u>** (१) स्थानीय तहले आगामी आर्थिक वर्षको लागि समपूरक अनुदान माग गर्दा स्थानीय तह आफैले गर्ने वा गैर सरकारी क्षेत्र (निजी क्षेत्र, सहकारी, गैर सरकारी संस्था आदि) सँगको साझेदारीमा योजना कार्यान्वयन गर्ने सो कुराको एकिन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुदान माग गर्दा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहले अन्य स्रोतबाट कार्यान्वयन गर्ने योजना र हाल सञ्चालनमा रहेका योजनासँग दोहोरो नपर्ने गरी अनुसूची १ बमोजिमको ढाँचामा चालु आर्थिक वर्षको फाल्गुण मसान्त भित्र माग गरिसक्नु पर्नेछ । माग भएका योजनाको छनौट कार्य चैत्र मसान्तभित्र सम्पन्न गरिसक्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम योजना माग गर्दा अनुसूची २ बमोजिम मध्यकालीन खर्च संरचना समावेश गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम अनुदान माग गर्दा स्थानीय तहले व्यहोर्ने अंश, प्रदेश सरकारले व्यहोर्ने अंश तथा अन्य स्रोत जस्तैः निजी क्षेत्र, लाभान्वित क्षेत्र, सहकारी, वित्तीय संस्था, व्यक्तिको फर्म वा कम्पनी, विभिन्न व्यक्ति, संगठित संस्था र अन्य क्षेत्रबाट प्राप्त हुन सक्ने नगद तथा वस्तुगत अनुदान, सम्बन्धित क्षेत्रमा रहेका गैर सरकारी संस्थाबाट प्राप्त हुने चन्दा तथा सहयोग, वैदेशिक अनुदान लगायतबाट व्यहोरिने अंश भए सो समेत कूल लागतको अनुपात निर्धारण गरी माग गर्नु पर्नेछ ।

५. **<u>समपूरक अनुदान प्रदान गर्ने विधिः</u>** (१) प्रदेश सरकारले व्यहोर्ने अंश सम्बन्धमा आयोजनाको प्रकृति, आवश्यकता, प्राथमिकता, सम्भाव्य उपलब्धि, दिगोपना लगायतका आधारमा **कूल लागतको पचास प्रतिशतसम्म प्रदेश सरकारले र बाँकी सम्बन्धित स्थानीय तह र अन्य स्रोतबाट जुटाउनु पर्नेछ तर दुई वा दुई भन्दा बढी स्थानीय तहबाट संयुक्त रुपमा एउटै योजना प्रस्ताव भई आएमा प्रदेश सरकारले आयोजनाको कूल लागतको साठी प्रतिशतसम्म रकम प्रदान गर्न सक्नेछ । यसरी समपूरक अनुदान माग गर्दा कार्यान्वयन गर्ने स्थानीय तह समेत किटानीका साथ सिफारिश गरी पठाउनुपर्नेछ ।

(२) सार्वजनिक निजी साझेदारीको अवधारणा अनुसार निजी क्षेत्र आकर्षित हुने विकास निर्माणका क्षेत्रहरुमा निजी क्षेत्र वा स्थानीय तह बीचको सहमतिमा योजना तथा कार्यक्रमको कूल लागतको केही अंश निजी क्षेत्रले व्यहोर्ने र केही अंश स्थानीय तहले व्यहोर्ने र नपुग अंश प्रदेश सरकारले समपूरक अनुदानको रुपमा प्रदान गर्न सक्नेछ ।

(३) स्थानीय तहमा समपूरक अनुदान प्रदान गर्दा समपूरक अनुदानको लागि विनियोजित वार्षिक बजेटको सीमाभित्र रही प्रदान गर्नु पर्नेछ ।

(४) समपूरक अनुदान योजना कार्यान्वयनको कार्य प्रगतिको आधारमा चौमासिक रुपमा उपलब्ध गराउनु पर्नेछ ।

६. **<u>समपूरक अनुदान प्रदान नहुनेः</u>** (१) दफा ३ मा जुनसुकै कुरा लेखेको भए तापनि देहायका प्रकृतिका योजनाका लागि समपूरक अनुदान उपलब्ध गराइने छैन :

(क) राजनीतिक दल विशेष तथा धार्मिक उद्देश्य परिपूर्ति हुने प्रकृतिका योजना,

(ख) तलब, भत्ता, मसलन्द लगायतका साधारण खर्च तथा ऋण भूक्तानीका योजना,

(ग) सीमित वर्ग, व्यक्तिगत तथा पारिवारिक रुपमा मात्र फाइदा पुग्ने प्रकृतिका योजना,

(घ) राष्ट्रिय एकता, धार्मिक, सांस्कृतिक तथा सामाजिक सदभावमा खलल् पुग्ने प्रकृतिका योजना,

** दोस्रो संशोधनबाट थप गरी अनुसूची ३ हटाइएको ।

(ङ) घाटा बजेट पूर्ति गर्ने योजना,

(च) वातावरण संरक्षणमा प्रतिकूल प्रभाव पार्ने खालको योजना,

(छ) अन्य अनुदान तथा स्रोतबाट संचालनमा रहेका योजना र दोहोरो पर्ने गरी माग भएका योजना,

(ज) **कूल लागत रु. १ करोड भन्दा कमका योजना ।

(२) प्रदेश सरकारबाट स्थानीय तहमा समपूरक अनुदान प्रदान गर्दा वार्षिक बजेटमा समपूरक अनुदान वापत छुट्याइएको बजेट सीमा भित्र रहेर अनुदान प्रदान गरिनेछ ।

७. **आवधिक योजनामा समावेश गर्नु पर्नेः** (१) स्थानीय तहले समपूरक अनुदानको माध्यमबाट कार्यान्वयन गर्ने योजना तथा कार्यक्रमलाई आवधिक योजनामा समावेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो कार्यविधि प्रारम्भ भएको मितिले १ वर्षसम्म यो प्रावधान अनिवार्य हुने छैन ।

८. **योजना तथा कार्यक्रम छनौट समितिः** (१) स्थानीय तहले पेश गरेका योजना तथा कार्यक्रमको छनौट गर्न मन्त्रालयमा देहाय बमोजिमको समिति रहनेछः

(क) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - संयोजक

(ख) महाशाखा प्रमुख, (योजना तथा कार्यक्रम) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) प्रदेश लेखा नियन्त्रक, प्रदेश लेखा नियन्त्रक कार्यालय - सदस्य

(घ) महाशाखा प्रमुख, योजना तथा कार्यक्रम (सम्बन्धित विषयगत मन्त्रालय) -सदस्य

(ङ) महाशाखा प्रमुख, बजेट तथा कार्यक्रम महाशाखा आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य-सचिव

(२) आवश्यकता अनुसार समितिले विज्ञ सदस्यलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम योजना तथा कार्यक्रम छनौट गर्दा संघ, प्रदेश र स्थानीय तहको अन्य स्रोतबाट सञ्चालित योजना तथा कार्यक्रमसँग दोहोरो नपर्ने गरी देहायका आधारमा योजना छनौट गर्नु पर्नेछः

(क) योजनाको सम्भाव्यता, कूल लागत, योजना कार्यान्वयन पश्चात हुने उपलब्धि, योजना कार्यान्वयनका लागि आवश्यक भौतिक क्षमता तथा जनशक्तिको उपलब्धता ।

(ख) सम्बन्धित स्थानीय तहको जनसंख्या, क्षेत्रफल, मानव विकास सूचकाङ्क र सो क्षेत्रको पूर्वाधार विकासको अवस्था ।

(ग) स्थानीय तहको योगदानको हिस्सा धेरै भएको योजना ।

(घ) स्थानीय स्रोत, साधन र मौलिक सीपको अधिकतम उपयोग हुने योजना ।

(ङ) निजी क्षेत्रसँगको सहकार्यमा कार्यान्वयन गरिने भए त्यस्तो सहकार्य दिगो र भरपर्दो देखिएको योजना ।

(च) रोजगार वृद्धि गर्ने योजना ।

(छ) जनताको आयस्तर वृद्धि गरी गरिबी निवारणमा योगदान गर्ने योजना ।

(ज) स्थानीय तहको आधारभूत पूर्वाधार निर्माणसँग सम्बन्धित योजना ।

(४) योजना छनौट गर्दा योजनाको कूल लागतमा प्रदेश वा स्थानीय तह र अन्य स्रोतबाट व्यहोरिने लागतको अनुपात विवरणको विश्लेषण गरी लागत सहभागिता समेतलाई आधार लिनु पर्नेछ ।

---

** दोस्रो संशोधनद्वारा संशोधित

(५) **आर्थिक वर्ष २०७६।०७७ को हकमा भाद्र १५ गतेसम्म मन्त्रालय समक्ष प्रस्ताव पेश गर्नुपर्नेछ । मन्त्रालयले यस उपदफा बमोजिमको योजना छनौटको कार्य आश्विन १५ गतेभित्र गरिसक्नु पर्नेछ ।*** यस उपदफा बमोजिम तोकिएको अवधिसम्म कुनै स्थानीय तहहरुबाट प्रस्ताव प्राप्त नभएको वा अन्य कुनै कारणले विनियोजित बजेट बाँकी रहने अवस्था देखिएमा मन्त्रालयले बढीमा १५ दिनको सूचना मार्फत यस अघि छनौटमा नपरेका स्थानीय तहहरु र चालु आ.व.मा यस अनुदान मार्फत न्यून रकम हस्तान्तरण भएका स्थानीय तहहरुबाट मात्र प्रस्ताव आह्वान गरी थप योजनाहरु छनौट गर्न सक्नेछ ।

(६) समितिले बैठक सञ्चालन र कार्य सम्पादन गर्ने सन्दर्भमा आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

९. <u>सम्झौता गर्नुपर्नेः</u> (१) दफा ८ बमोजिमको समितिबाट छनौट भएका योजनाहरु मन्त्रालय र सम्बन्धित स्थानीय तह बीच सम्झौता गरी प्रत्येक आर्थिक वर्षमा हस्तान्तरण गरिने रकमलाई तीन किस्तामा विभाजन गरी प्रथम, द्वितीय र तृतीय चौमासिकमा भुक्तानी हुने शर्त तोक्नु पर्नेछ । प्रथम किस्ता रकम योजना तथा कार्यक्रम सञ्चालन गर्न प्रक्रिया पुगी सम्झौता गरिसकेपछि मन्त्रालयले प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत हस्तान्तरण गर्नु पर्नेछ भने दोस्रो किस्ता रकम प्रथम किस्ताको कामको भौतिक तथा वित्तीय प्रगति खुल्ने प्रतिवेदन र दोस्रो तथा तेस्रो किस्ता दोस्रो तथा तेस्रो चौमासिकमा काम हुने कुराको प्रत्याभूति सहितको पत्र प्राप्त भएपछि हस्तान्तरण हुने तथा आयोजना सम्पन्न हुने आर्थिक वर्षको हकमा अन्तिम किस्ता हस्तान्तरण गर्दा कार्य सम्पन्न प्रतिवेदन पेश गरेपछि हस्तान्तरण हुने कुरा समेत सम्झौताका शर्तमा समावेश गर्नु पर्नेछ ।

(२) आयोजना सम्पन्न भएको एक वर्ष भित्रको अवधिमा बिग्री, भत्की त्यसको गुणस्तरमा ह्रास आएको खण्डमा सम्बन्धित निर्माण व्यवसायीले नै मर्मत सम्भार लागत व्यहोर्ने गरी ठेक्का सम्झौताको शर्तमा उल्लेख गर्नु पर्नेछ।

१०. <u>अनुदान रकम खर्च गर्ने विधि र प्रक्रियाः</u> स्थानीय तहले समपूरक अनुदान वापत प्राप्त रकम खर्च गर्दा देहाय अनुसार गर्नु पर्नेछः

(क) जुन योजना तथा कार्यक्रमको लागि प्रदान भएको हो सोही योजना वा कार्यक्रममा मात्र खर्च गर्नु पर्नेछ ।

(ख) बजेट तथा कार्यक्रममा समावेश गरेर मात्र खर्च गर्नु पर्नेछ ।

(ग) उपभोक्ता समिति मार्फत खर्च गर्न पाईने छैन ।

(घ) प्रचलित आर्थिक कार्यविधि ऐन नियम तथा सार्वजनिक खरिद ऐनमा भएको व्यवस्थाहरुको पूर्ण पालना गर्नु पर्नेछ ।

(ङ) प्राप्त रकम अन्यत्र खर्च शीर्षकहरुमा रकमान्तर गर्न पाइने छैन ।

(च) तलब भत्ता, मर्मत संभार, मसलन्द लगायतका प्रशासनिक खर्च, परामर्श सेवा आदिमा खर्च पाइने छैन।

(छ) आयोजना एवं कार्यक्रम सम्पन्न गर्नु पर्ने तोकिएको समयावधि भित्र खर्च गरिसक्नु पर्नेछ ।

(ज) प्रचलित कानून बमोजिम समयमै आन्तरिक र अन्तिम लेखापरीक्षण गराउने दायित्व योजना कार्यान्वयन गर्ने निकायको हुनेछ ।

११. <u>रकम कट्टा गरिनेः</u> (१) समपूरक अनुदानबाट संचालनमा रहेका योजना तथा कार्यक्रमहरुबाट सो योजना लक्षित उद्देश्य अनुरुप कार्यक्रम सञ्चालन हुन नसकेमा प्रदेश सरकारले त्यस्तो अनुदान वापत उपलब्ध गराएको रकम आगामी आर्थिक वर्षहरुमा प्रदान गरिने वित्तीय समानीकरण अनुदान रकमबाट कट्टा गर्नेछ ।

---

** दोस्रो संशोधनद्वारा संशोधित ।

*** तेस्रो संशधोनद्वारा थप गरिएको ।

(२) चालु आर्थिक वर्षमा कुनै मनासिव कारणले अनुदान रकम खर्च हुन नसकेमा मन्त्रालयको स्वीकृति लिई सो रकम सम्बन्धित स्थानीय तहको संचित कोषमा दाखिला गरी बहुवर्षीय योजना तथा कार्यक्रमको अवधिभित्र अर्को आर्थिक वर्षमा खर्च गर्न पाइनेछ ।

१२. <u>समपूरक अनुदान रोक्का हुन सक्नेः</u> (१) संचालित योजना तथा कार्यक्रमहरुको स्थानीय तहले दफा १५ बमोजिम अनुगमन वा दफा १६ बमोजिम प्रतिवेदन नगरेमा, तोकिएको समय भित्र कार्य सम्पन्न नगरेमा र सम्पन्न भएको कार्यको गुणस्तर राम्रो नभएमा मन्त्रालयले आगामी किस्ताको अनुदान रकम रोक्का राख्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रोक्का राखेकोमा मन्त्रालयले माग गरेको अवधि भित्र सम्बन्धित स्थानीय तहले आवश्यक विवरणहरु पेश गरेमा, मन्त्रालयले तोकेको समयमा कार्य सम्पन्न गरेमा र कामको गुणस्तरमा आवश्यक सुधार गर्ने प्रत्याभूति दिएमा मन्त्रालयले उपदफा (१) बमोजिम राखेको रोक्का फुकुवा गर्न सक्नेछ ।

१३. <u>योजनाको संचालन र कार्यान्वयनः</u> (१) योजना तथा कार्यक्रम संचालन गर्दा प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली कायम हुने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) **योजना तथा कार्यक्रमको ठेक्का प्रकृया पारदर्शी र प्रतिस्पर्धात्मक रुपमा प्रचलित सार्वजनिक खरिद कानुन बमोजिम गर्नुपर्नेछ । बील भूक्तानी गर्दा सम्बन्धित व्यक्ति तथा संस्थाको खातामा जम्मा हुने गरी बैङ्किङ प्रणालीको प्रयोग गर्नुपर्नेछ ।

(३) योजना तथा कार्यक्रम संचालन गर्दा कामको गुणस्तरमा विशेष ध्यान पुर्याउनु पर्नेछ ।सोको लागि सम्पन्न कामको नतिजा तथा उपलब्धि सार्वजनिक गर्ने, नागरिक समाज एवं लाभान्वित वर्ग र समुदायको अनिवार्य संलग्नतामा सामाजिक परीक्षण गर्नु पर्नेछ ।

(४) योजना तथा कार्यक्रम सञ्चालन गर्नका लागि छनौट भएको निर्माण व्यवसायी वा आपूर्तिकर्ता वा सञ्चालनकर्ताले सम्झौतामा उल्लिखित शर्तहरु बमोजिमका कार्यहरु सम्पन्न नगरेमा वा सम्झौताका शर्तहरु उल्लघंन गरेको देखिएमा निजलाई कालोसूचीमा राखी पुनः यस्ता योजना तथा कार्यक्रम सञ्चालनमा ३ वर्षसम्म सहभागी हुन नपाउने गरी सम्बन्धित सबैको जानकारीका लागि सूचना सार्वजनिक गरी मन्त्रालयमा लेखी पठाउनु पर्नेछ ।

१४. <u>आयोजनाको कार्य सम्झौतामा तोकिए बमोजिमको समयावधि भित्र सम्पन्न गरिसक्नुपर्नेः</u> समपूरक अनुदानबाट संचालनमा रहेका आयोजना वा कार्यक्रमहरु तोकिएको समयावधि भित्र सम्पन्न गरी सक्नुपर्नेछ ।

१५. <u>अनुगमन सम्बन्धी व्यवस्थाः</u> (१) समपूरक अनुदानबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरु प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी भए नभएको सम्वन्धमा सम्वन्धित स्थानीय तहले नियमित रुपमा अनुगमन गर्नु पर्नेछ र अनुगमन प्रतिवेदन मन्त्रालय एवं सम्बन्धित जिल्ला समन्वय समिति समक्ष पेश गर्नु पर्नेछ । जिल्ला स्थित स्थानीय तहले सञ्चालन गरेका कार्यहरुको जिल्ला समन्वय समितिले अनुगमन र मूल्याङ्कन गरी भएका कार्यहरुको एकीकृत विवरण सहितको प्रतिवेदन तयार गरी चौमासिक रुपमा मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(२) स्थानीय तहले सञ्चालन गरेका योजना तथा कार्यक्रमहरुको कार्य प्रभावकारी, उपलब्धिमूलक र पारदर्शी किसिमले तोकिएको समय सीमा भित्र भए नभएको सम्वन्धमा मन्त्रालयले आवश्यकता अनुसार अनुगमन गरी उपदफा (१) बमोजिमको प्रतिवेदन समेतको विश्लेषण गरी आवश्यक सुझाव दिन सक्नेछ ।

१६. <u>प्रगति प्रतिवेदन पेश गर्नुपर्नेः</u> सबै स्थानीय तहले आफ्नो क्षेत्रमा समपूरक अनुदानबाट सञ्चालित आयोजना तथा कार्यक्रमहरुको अनुगमन तथा प्रगति प्रतिवेदन चौमासिक रुपमा मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।यसरी प्राप्त भएको प्रगति प्रतिवेदन चौमासिक अवधि सकिएको ३५ दिनभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराउनु पर्नेछ।

** दोस्रो संशोधनद्वारा संशोधित

१७. <u>**निर्देशन पालना गर्नुपर्ने:**</u> यस कार्यविधिमा उल्लिखित विषयका सम्बन्धमा मन्त्रालयले आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ र त्यस्ता निर्देशन सम्बन्धित मन्त्रालय तथा स्थानीय तहले पालना गर्नु पर्नेछ ।

१८. <u>**बाधा अड्काउ फुकाउने:**</u> यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा सो फुकाउने अधिकार मन्त्रिपरिषद्मा निहीत रहनेछ ।

## अनुसूची - १

(दफा ४ (२) सँग सम्वन्धित)

<u>समपूरक अनुदान माग गर्ने निवेदन</u>

अनुदान माग गर्ने स्थानीय तहको नामः

ठेगानाः

फोन, फ्याक्स र इमेलः

योजना तथा कार्यक्रमको नामः

योजना कार्यान्वयन गर्ने स्थानः

योजनाको अनुमानित कूल लागत रु.:

योजनाबाट लाभान्वित सम्भाव्य जनसंख्याः

योजना सम्पन्न गर्न लाग्ने अनुमानित समयः

योजनाको कूल लागतमा स्थानीय तहको लगानीको हिस्सा वा रकमः

योजना कार्यान्वयनमा निजी क्षेत्र, सहकारी तथा गैर सरकारी क्षेत्रको सहभागिता रहने भए सोको अनुपात वा हिस्सा रकमः

प्रदेश सरकारले समपूरक अनुदान मार्फत व्यहोर्ने प्रस्तावित रकमः

**संलग्न आवश्यक कागजातहरुः**

१. योजनाको पूर्व/सम्भाव्यता अध्ययन प्रतिवेदन

२. योजनाको ड्रइङ, डिजाइन, स्पेसिफिकेसन र लागत अनुमान सहितको विस्तृत विवरण

३. अनुदान माग गर्ने गरी स्थानीय तहको कार्यपालिकाबाट भएको निर्णयको प्रतिलिपि

४. योजनाबाट प्राप्त हुने मापनयोग्य प्रतिफल वा लाभको अनुमानित विवरण

५. प्रचलित कानून बमोजिम योजनाको प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन

६. मन्त्रालयले तोकेका अन्य विवरण कागजातहरु ।

| <u>योजना शाखा प्रमुख</u> | <u>प्रमुख प्रशासकीय अधिकृत</u> |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| मितिः | मितिः |

## अनुसूची - २

(दफा ४ (३) सँग सम्वन्धित)

**समपूरक अनुदान माग गर्दा पेश गर्नुपर्ने विवरण (ढाँचा)**

**क्षेत्र (सेक्टर):**

१. पृष्ठभूमि

२. सोच (भिजन)

३. ध्येय (मिसन)

४. लक्ष्य (गोल)

५. उद्देश्य (अब्जेक्टिब्स)

६. मध्यमकालीन नीति/रणनीति

७. मध्यमकालीन समष्टिगत आर्थिक खाका

८. मध्यमकालीन रणनीति अन्तर्गतका कार्यक्रम/आयोजनाको विवरण

८.१ कार्यक्रम/आयोजनाको उद्देश्य, खर्च आवश्यताको पुष्टयाईं तथा कार्यान्वयन गर्ने निकाय

| कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | | लागत तथा पुष्ट्याईं | | कार्यान्वयन गर्ने निकाय (विभाग/कार्यालय) |
|---|---|---|---|---|---|---|
| | | सुरु आ.व. | समाप्ति आ.व | लागत (हजार) | पुष्ट्याईं | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

८.२ प्राथमिकताक्रम, दिगो विकास लक्ष्य, गरिबी, लैंगिक र जलवायु संकेत

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना | रणनीतिक स्तम्भ | प्राथमिकता क्रम | दीगो विकास लक्ष्य सङ्केत | गरिबी न्यूनीकरण सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

९. कार्यक्रम/आयोजनाको विगतको उपलब्धि

९.१ गत आ.व. ....... सम्मको उपलब्धि

९.२ कार्यक्रम/आयोजनाको लक्षित प्रतिफल सूचक र उपलब्धि

| कार्यक्रम/आयोजना | प्रतिफल सूचक | एकाई | (अघिल्लो आ.व. ..) * | | (चालु आ.व. ..) * | |
|---|---|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि | लक्ष्य | अनुमानित उपलब्धि |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| | | | | | | |
| | | | | | | |

*उदाहरणः* आ.व. २०७६।७७ को बजेट निर्माण गर्ने हो भने अघिल्लो आ.व. भन्नाले आ.व. २०७४।७५ र चालु आ.व. भन्नाले २०७५।७६ लाई जनाउँछ ।

९.३ बजेटः विनियोजन र उपलब्धि

(ने.रु. हजारमा)

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना | (अघिल्लो आ.व. ..) * | | (चालु आ.व. ..) * | |
|---|---|---|---|---|---|---|
| | | | विनियोजन | यथार्थ खर्च | विनियोजन | संशोधित अनुमान |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| | | | | | | |
| | | | | | | |

१०. प्रति इकाइ लागत अनुमान

| क्र.सं. | विवरण | एकाई | प्रति एकाई लागत | कैफियत |
|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ |
| | | | | |
| | | | | |

११. मध्यमकालीन खर्च अनुमान

११.१ मध्यमकालीन खर्च अनुमानको विनियोजन तथा स्रोत प्रक्षेपण (तीन आ.व.को)

(ने.रु. हजारमा)

| क्र.सं. | बजेट | उपशीर्षक | /आयोज | आ.व. प्रथमको विनियोजन र स्रोत | आ.व. द्वितीयको विनियोजन र स्रोत | आ.व. तृतीयको विनियोजन र स्रोत |
|---|---|---|---|---|---|---|

| | | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |

*उदाहरणः* आर्थिक वर्ष प्रथम, द्वितीय र तृतीय भन्नाले बजेट तर्जुमा गरिने आ.व. देखि क्रमशः तीन आ.व.लाई जनाउँछ ।

११.२ कार्यान्वयन गर्ने एकाईहरूका कार्यक्रम/आयोजनाको मध्यमकालीन खर्च अनुमान

(ने.रु. हजारमा)

| कार्यान्वयन गर्ने एकाई | कार्यक्रम/आयोजना | गत आ.व. ...... को वास्तविक खर्च | चालु आ.व. ... को | | मध्यमकालीन खर्च अनुमान (आगामी तीन आ.व.) | | |
|---|---|---|---|---|---|---|---|
| | | | बजेट | संशोधित खर्च अनुमान | आ.व. पहिलो | आ.व. दोस्रो | आ.व. तेस्रो |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| | | | | | | | |
| | | | | | | | |

१२. क्षेत्रगत नतिजा सूचक र लक्ष्य

१२.१ क्षेत्रगत नतिजा सूचक

| सूचक | एकाई | गत आ.व. ... सम्मको वास्तविक उपलब्धि | चालु आ.व. ..... को संशोधित उपलब्धि | मध्यकालीन लक्ष्य (तीन आ.व.) | | |
|---|---|---|---|---|---|---|
| | | | | आ.व. पहिलो | आ.व. दोस्रो | आ.व. तेस्रो |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| | | | | | | |
| | | | | | | |

१२.२ कार्यक्रम/आयोजनाको प्रतिफल सूचक र मध्यमकालीन लक्ष्य

| कार्यक्रम/आयोजना | प्रतिफल सूचक | एकाई | मध्यकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | आ.व. पहिलो | आ.व. दोस्रो | आ.व. तेस्रो |
| १ | २ | ३ | ४ | ५ | ६ |
| | | | | | |
| | | | | | |

१३. समस्या तथा चुनौतीहरू

१४. निष्कर्ष तथा आगामी कार्यदिशा

## **अनुसूची – ३

** दोस्रो संशोधनद्वारा हटाइएको ।